लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

**सूचना.नं.**: १८ **मितिः** २०८०/०९/२६

**कर्मचारीको तह वृद्धि/तह मिलान सम्बन्धी सूचना !!**

*( प्रकाशित मितिः २०८०/०९/२६)*

प्रस्तुत विषयमा यस लिखु गाउँपालिका, गाउँ कार्यपालिका र मातहतको कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि, बढुवा तथा तह मिलानको लागि कोशी प्रदेश सभाबाट पारित भई मिति २०८०/०९/२२ मा प्रमाणीकरण भइसकेको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" अनुसार योग्याता पुगेका कर्मचारीहरूले तपसिल बमोजिमको कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नु हुन दफा २७ को उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

**१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ४ को उपदफा ( ५) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित निवेदन पेश गर्नुहुन ।**

(क) स्थायी नियुक्तिपत्र र समायोजन पत्र वा समायोजन मिलान पत्र सहित निवेदन ।

**२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ऐन २०८० को दफा ८ को उपदफा (१६) र (१७) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित निवेदन पेश गर्नुहुन ।**

(क) स्थायी नियुक्ती पत्र

(ख) समायोजन भएको पत्र वा संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा बाट सिफारिस र नियुक्ति पत्र

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र

**३. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा २७ को उपदफा (१) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित निवेदन पेश गर्नुहुन ।**

(क) नियुक्ती/बढुवा/तह वृद्धिको पत्र

(ख) स्थानीय तहमा समायोजन भएको पत्र

(ग) पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याङ्कन

(घ) शैक्षिक योग्यताको प्रमाणपत्र

२०८०/०९/२६

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Web: likhumunokhaldhunga.gov.np
Email: info@likhumunokhaldhunga.gov.np, likhurmokhaldhunga@gmail.com